माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**आज मिति २०७७ साल माघ १८ गते माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल तथा निर्णय गरियो ।**

**प्रस्तावहरु**

१ राष्ट्रपति शैक्षीक सुधार कार्यक्रमका लागी सिफारिस सम्बन्धमा ।

२ आपतकालीन सेवा केन्द्र संचालन सम्बन्धी निर्देशिका सम्बन्धमा ।

३ माइकोस्कोप खरिद सम्बन्धमा ।

४ उदयपुरकोट दरवारका लागि जग्गा प्राप्ति सम्बन्धमा ।

५ पशु उपचार केन्द्र स्थापना सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. १ प्रस्ताव १ माथि छलफल गर्दा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको मिति २०७७/१०/०६ गते प्रकाशित राष्ट्रपती शैक्षिक सुधार कार्यक्रमका लागि यस गाउँपालिकाका विद्यालय गाउँपालिकामा पेश गरेका कागजातका आधारमा तपशिल विद्यालयहरुलाई प्राथमिकिकरण गरि शिक्षा विकास तथा समन्वय इकाई प्यूठानमा पठाउने निर्णय गरियो ।

तपशिल

| सि.न. | प्राथमिकिकरण नं | विद्यालयको नाम | ठेगाना | कै. |
|---|---|---|---|---|
| १ | १ | गणेश मा. वि. तिराम | माण्डवी गा.पा. १ तिराम | |
| २ | २ | कामाक्षी मा. वि. उपयपुरकोट | माण्डवी गा.पा. ४ उदयपुरकोट | |
| ३ | ३ | सुन्नानी आ.मा.वि. रातापानी | माण्डवी गा.पा. २ मर्कावाङ | |
| ४ | ४ | माण्डवी गा.पा. नयाँगाउँ | माण्डवी गा.पा.३ नयाँगाउँ | |
| ५. | ५. | वागिश्वरी मा.वि तिग्रा | माण्डवी गा.पा. ५ तिग्रा | |

निर्णय नं. २ प्रस्ताव २ माथि छलफल गर्दा माण्डवी गाउँपालिकामा सञ्चालित अल्पकालिन सेवा केन्द्र संचालनलाई व्यवस्थित वैज्ञानिक र कानुन सम्मतबाट संचालन गर्न **"माण्डवी गाउँपालिकाको अल्पकालिन सेवा केन्द्र संचालन सम्बन्धि निर्देशिका २०७७"** पारित गर्ने निर्णय गरियो ।

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा माण्डवी गाउँपालिका पशु विकास शाखामा पशु उपचारका लागि अत्यावश्यक १ माइकोस्कोप मेशिनरी औजार शिर्षकबाट खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं. ४ उदयपुरकोट् दरवार निर्माण आयोजना निर्माणका लागि आवश्यक जग्गा सोही स्थानका जग्गा धनिबाट निशुल्क दिने कवुलियतनामा गरेकाले उक्त जग्गा प्राप्तीका लागि जिल्ला प्रशासन कार्यालय प्यूठानमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं. ४ उदयपुरकोटमा पशु सेवा उपचार विस्तार गर्न आवश्यक देखिएकाले माण्डवी गाउँपालिका वडा नं. ४ को वडा कार्यालयमै अस्थायी केन्द्र हुने गरि पशु उपचार केन्द्र स्थापना गरि सेवा प्रवाह गर्ने निर्णय गरियो ।

.................

**प्रमाणित गर्ने**

**शिसिर रिजाल**

**प्रमुख प्रशासकीय अधिकृत**